# वैतेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०७८

बैतेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

गाउँसभाबाट स्वीकृत मिति : २०७८/०३/२८

**प्रस्तावना** : बैतेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधान धारा २२९ को उप-धारा(२) बमोजिम बैतेश्वर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम"बैतेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०७८"रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक बर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०७८।०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.५०,३२,२८,०००।६८ (पचास करोड बत्तीस लाख अठ्ठाइस हजार पैसा अठसठी मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन**: (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त बैतेश्वर गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुन देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकहरुबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीषर्कहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्नेछ ।



२०७८।३।२८

बैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याँङडाँडा, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

| क्रस | स्रोत | रकम |
|---|---|---|
| १ | वित्तीय समानीकरण | १२६६०० |
| २ | संघीय सशर्त अनुदान | १८५८०० |
| ३ | संघीय विशेष | १६६०० |
| ४ | प्रदेश समानीकरण | १०८४९ |
| ५ | प्रदेस ससर्त अनुदान | २०८९५ |
| ६ | प्रदेस समपुरक | २४६९५ |
| ७ | प्रदेस विशेष | ६००० |
| ८ | संघीय सरकार राजश्व बाँडफाड | ६४१५१ |
| ९ | प्रदेश राजश्व बाँडफाँड | १४५१८.६८ |
| १२ | संचित कोष | १६६०० |
| १३ | आन्तरीक श्रोत | १००२० |
| १४ | कन्टेन्जेन्सी | ६५०० |
| जम्मा | | ५०३२२८.६८ |

२०८०।३।२८

छवि लामा
अध्यक्ष